GLOBAL ALLIANCE FOR GREEN AND GENDER ACTION



# जलवायु न्यायका लागि नारीवादी कार्यलाई अगाडि बढाउँदै

## परिचय

ग्लोबल एलायन्स फर ग्रीन एन्ड जेन्डर एक्शन [1] (GAGGA) ले दक्षीणी विश्वबाट आएको जन-केन्द्रित जलवायु न्याय र महिला अधिकार आन्दोलनहरूको सामूहिक मागलाई सरकार, लगानीकर्ता र दाताहरूले सम्बोधन गरेको सुनिश्चित गर्ने लक्ष्य लिएको छ। विशेषगरी महिलाहरूले [2] भूमि कब्जा, वन फँडानी र प्राकृतिक स्रोतहरूको उत्खनन् विरुद्ध अथक सङ्घर्षहरूको नेतृत्व गर्नुकासाथै सबै मानिस र ग्रहको हेरचाह सुनिश्चित गर्ने लैङ्गिक-न्यायपूर्ण जलवायु समाधानहरूलाई सुदृढ गरी अगाडि ल्याउने काम गरिरहेका छन्।




फोटो: Ben den Engelsen

सन् २०२१ को बर्ष जलवायु प्रलय निवारण गर्न निर्णयकर्ताहरूको लागि अगाडी बढ्दै तत्काल कारवाही चाल्नका लागि महत्त्वपूर्ण क्षण थियो। संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसको विचारमा जलवायु वैज्ञानिकहरूले कोरेको चित्रलाई ‘मानवताका लागि खतराको घन्टी’ का रुपमा बुझ्नुपर्छ । सौभाग्यवश, जलवायुसम्बन्धी छलफल र वार्तामा जलवायु न्याय आन्दोलनका मागहरू बढी केन्द्रित हुँदै गइरहेका छन्। वातावरणीय र जलवायु संकटलाई सम्बोधन गर्न नारीवादी र अन्तरसम्बद्ध (इन्टरसेक्सनल) दृष्टिकोणहरू अगाडि ल्याउने सकिने स्थान सन् २०२१ मा विशेषगरी अन्तर्राष्ट्रिय स्तरमा बढेको छ। जलवायु संकटको बहु-तहगत पक्ष र पूँजीवाद, पितृसत्ता, औपनिवेशवाद र जातिवाद लगायतका उत्पीडनको ऐतिहासिक प्रणालीहरूसँग यसका सम्बन्धहरुसंग यसको सम्बन्धलाई सरकारी पक्ष, अन्तरसरकारी निकाय र दाताहरुले मान्यता दिनेक्रम बढ्दो छ। केही उदाहरणहरूमा देहाय रहेका छन्, युएन जेनेरेशन इक्वलिटी फोरम , जहाँ छ वटा गठबन्धनहरू मध्ये एउटा जलवायु न्यायका लागि नारीवादी कार्यमा केन्द्रित छ; संयुक्त राष्ट्रसंघ जलवायु परिवर्तन सम्मेलन (कोप २६), जहाँ कोप २६ मा सहमत भएको लैङ्गिक कार्ययोजना कार्यान्वयन गर्न गति दिने काम  गरिएको थियो; र सन् २०२२ युएन कमिसन अन द स्टेटस अफ वुमन (CSW66), जुन् जलवायु परिवर्तन, वातावरणीय र विपद जोखिम न्यूनीकरण नीति र कार्यक्रमहरूको सन्दर्भमा लैङ्गिक समानता हासिल गर्नमा केन्द्रित थियो।

यस वर्ष केही ठोस, कठिन जितहरू हासिल गर्ने कार्य समावेश थियो । संयुक्त राष्ट्रसंघ मानवअधिकार परिषदले स्वस्थ र दिगो वातावरणमा पहुँचलाई विश्वव्यापी अधिकारको रुपमा मान्यता दिने प्रस्तावलाई पारित गर्‍यो, जसले मानवअधिकार दृष्टिकोणमार्फत वातावरणीय र जलवायु संकटलाई सम्बोधन गर्ने मार्गहरूलाई बलियो बनाउने काम गर्नेछ। सरकारहरूले कोप २६ मा केही प्रमुख प्रतिबद्धताहरू गरेका थिए, जसमा कोइलाको प्रयोग क्रमशः हटाउने  गर्ने, मिथेन उत्सर्जनमा कटौती गर्ने र सन् २०३० सम्ममा वन फँडानीको अन्त्य गर्ने कार्य समावेश छ । बढ्दो संख्यामा सार्वजनिक तथा निजी निकायहरूले जीवाश्म ईन्धन कम गर्ने प्रतिबद्धता जनाएका छन्, र एउटा डच अदालतले शेल कम्पनीलाई त्यसले गर्ने कार्बन उत्सर्जनलाई कम गर्ने आदेश दियो। कुनै कम्पनीलाई आफ्नो नीति पेरिस सम्झौता अनुरुप बनाउन कानूनी रुप देखि बाध्य बनाइएको यो पहिलो पटक हो । सन् २०१५ मा हस्ताक्षर गरिएको पेरिस सम्झौताले ग्लोबल वार्मिंग (बिश्वब्यापी उष्णता) लाई २ डिग्री सेल्सियस भन्दा कममा सीमित गर्ने लक्ष लिंदै त्यसलाई १.५ डिग्री सेल्सियसमा सीमित गर्न को लागी प्रयास गर्ने लक्ष्य लिएको छ ।

1 सन् २०१६ मा सुरु भएको, GAGGA भनेको Mama Cash र Both ENDS. सँगको सहकार्यमा Fondo Centroamericano de Mujeres (FCAM) को नेतृत्वमा रहेको कन्सोर्टियम हो। GAGGA ले विश्वभरि महिला अधिकार र लैंगिकता, जलवायु र वातावरणीय न्याय आन्दोलनहरूको सामूहिक शक्तिलाई र्‍याली अगाडि बढाउँछ।

2 महिला र किशोरी वातावरणीय रक्षक (WGEDs) शब्द प्रयोग गर्दा, गागा ले महिला, किशोरी, र अन्तरलिङ्गी, ट्रान्स र नन-बाइनरी व्यक्तिहरू समावेश गर्दछ।

## गम्भीर चुनौतिहरु बिध्यमान छन्

अझै पनि धेरै काम गर्न बाँकी छ। विश्वव्यापी सम्बन्धित पक्षहरुले जलवायु संकटको मूल कारणहरुलाई सम्बोधन गर्न पर्याप्त काम गरिरहेका छैनन्। सन् २०२१ मा विश्वव्यापी कार्बन उत्सर्जन इतिहासमा सबैभन्दा उच्च थियो। जलवायु वित्त लगायतका पेरिस प्रतिबद्धताहरुमा सरकारहरुले अझै राम्रो गर्न सकेका छैनन्। जीवाश्म ईन्धन उद्योगहरु भारी अनुदानमा संचालित छन्  र निजी क्षेत्र र अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरु जस्ता पक्षले झूटा जलवायु समाधानहरुको प्रचार र समर्थन गर्ने कार्यलाई निरन्तरता दिएका छन् । कोभिड-१९  प्रतिबन्ध, खोपमा पहुँचको अभाव, किफायती आवासको अभाव, र दक्षिणी विश्वका सहभागीहरुको सहभागितालाई गम्भीर रुपमा सीमित गर्ने अन्य बाधाहरुका कारण कोप-२६ अहिलेसम्मकै सबैभन्दा बहिष्करणजन्य मानियो।

यसैबीच, राष्ट्रिय र स्थानीय स्तरमा नागरिक समाज संगठन, सामाजिक आन्दोलन र समुदायहरुले गरिबी, जातीय र लैङ्गिक असमानता, राजनीतिक अस्थिरता र जलवायु सम्बन्धी विपदहरु सहित महामारीले बढाएको अन्तरसम्बन्धित सामाजिक-आर्थिक र वातावरणीय दबाबहरुको सामना गरे। विश्वभरका महिला र किशोरी वातावरण रक्षकहरुले राज्य-प्रायोजित हिंसा र व्यवासय क्षेत्रको उत्खनन् अभियान लगायत संरचनात्मक हिंसाको सामना गर्नुपर्यो । गगाको काम पहिले भन्दा अझ बढि आवश्यक हुन गएको छ।

# सन् २०२१ मा गागा : प्रमुख तथ्याङ्कहरु



**प्रमुख तथ्याङ्कहरु**

सन् २०२१ मा गागाको नयाँ 'महिला नेतृत्वको जलवायु कार्य' कार्यक्रमको थालनी भयो, जसले हामीले सन् २०१६ देखि स्थापित गरेको परिणाम र नेटवर्कलाई अघि बढाउने काम गर्छ। गागाले आफ्नो नेटवर्कका साझेदारहरूलाई ४४ लाख युरो बराबरको अनुदान प्रदान गर्‍यो। गागा साझेदारहरूमा महिला-नेतृत्वका समुदायमा आधारित संस्थाहरु (गैसस) को व्यापक विविधता समावेश छ जसले रुपान्तरणकारी लैङ्गिक-न्यायपूर्ण जलवायु कार्य, महिला र वातावरणीय न्याय कोष, र गैरसरकारी संस्थाहरुको नेतृत्व गरिरहेका छन्।

**२०२१ मा, गागाले निम्नलाई समर्थन प्रदान गर्‍यो:**

**३५८** वटा समुदायमा आधारित संस्थाहरु | **२८** गैरसरकारी संस्थाहरु | **२४** कोषहरु

GAGGA प्रदान गरियो **४४ करोड युरो** सञ्जाल साझेदारहरूलाई प्रदान गरिएको अनुदान

**नागरिक समाज संस्थाको क्षेत्रीय वितरण**




**क्षेत्रीय वितरण कोष र गैसस**




**सन् २०२१ बजेट वितरण कोष र गैससहरु**




**नागरिक समाज संस्था समुदायको मुख्य पहिचान**



# सन् २०२१ का झलकहरू



मारिया मूरा (चित्रमा बाँया) ब्राजिलको मूरा आदिवासी अभियानकी सदस्य हुन् र उनी सामाजिक तथा वातावरणीय अधिकारहरुका लागि सङ्घर्ष गर्ने क्षेत्रीय र राष्ट्रिय आदिवासी आन्दोलनहरुमा सहभागी हुँदै आएकी छिन् ।

## 1. लैङ्गिक-न्यायपूर्ण जलवायु कार्य तथा समाधानहरू अगाडि बढाउन स्थानीय महिला नेतृत्व, उत्थानशील र क्षमताहरूको सुदृढीकरण

गागाले सामुदायमा-आधारित संस्थाहरु (सिबिओ) लाई लैङ्गिक-न्यायपूर्ण जलवायु कार्यसम्बन्धी उनीहरुको कामलाई थप बलियो बनाउनका लागि विविध प्रकृतिका वित्तीय र गैर-वित्तीय सहयोग प्रदान गर्यो। गागाको सहयोगमा **Women in Action Against Mining in Asia** (एसियामा खानी विरुद्ध सक्रिय महिला **WAMA**) ले इन्डोनेसिया, वेस्ट पपुवा, मंगोलिया, फिलिपिन्स, भारत र कम्बोडियाका महिलाहरुलाई संलग्न गराउँदै सीप साझेदारीको आयोजना गर्‍यो। पानीमा उत्खनन उद्योगको प्रभावमा केन्द्रित सो सीप साझेदारी कार्यक्रम वटा तीन भर्चुअल स्पेसहरुमा अनलाइन आयोजित गरिएको थियो। भर्चुअल स्पेसहरुले महिलाहरुको स्थानीय ज्ञान, अनुभव र पानी संरक्षण गर्ने परम्परागत तरिकाहरु उपयोग गर्यो; पानीका स्रोतहरुमा खानी सञ्चालनको प्रभावहरुको अनुसन्धानका लागि प्रशिक्षण दियो; र पानीसँग महिलाको सम्बन्ध र पानी माथिको खतरा कसरी महिला अधिकारका लागि खतरा हो भन्ने बारे बुझाइलाई अझ बलियो बनायो।

युगान्डामा, **Africa Institute for Energy Governance** (अफ्रिका इन्स्टिच्युट फर एनर्जी गभर्नेन्स **AFIEGO**) ले सन् २०२१ मा महिला, युवा र वृद्धहरुलाई अफ-ग्रिड सौर्य ऊर्जा र पहुँचका फाइदाहरुको ज्ञानले सशक्त बनाउन धेरै स्थानीय सामुदायिक कार्यक्रमहरु सञ्चालन गर्यो। थप वकालत कार्यलाई सहयोग पुर्याउन महिला र युवा सौर्य क्लबहरु स्थापना गरियो। ती क्लबहरुमार्फत महिला र युवाहरुले स्थानीय समुदायहरुसँग अफ-ग्रिड सौर्य ऊर्जाका साथै स्वच्छ खाना पकाउने र बत्ती बाल्ने कार्यलाई बढावा दिने काम गरे । AFIEGO को सहयोगमा उनीहरु स्वच्छ ऊर्जा नीतिहरु विकास र कार्यान्वयन, विशेषगरी समुदाय स्तरमा नवीकरणीय ऊर्जाको प्रयोग बढाउने कार्यहरुमा महिलाहरुको सहभागिता बढाउने वकालतमा पनि संलग्न भए । युगान्डा ब्यूरो अफ स्ट्याटिस्टिक्सले हालै उल्लेख गरे अनुसार सौर्य ऊर्जा जडान सन् २०१७ मा १८ % बाट बढेर सन् २०२० मा ३९ % पुगेको छ। उनीहरुको काम मार्फत AFIEGO ले सोलार क्लबहरुका महिला र युवाहरुसँग मिलेर यो वृद्धि दरमा योगदान दिने कार्यलाई जारी राख्ने आशा गर्दछ।

गागा साझेदार कोष र गैरसरकारी संस्थाहरुले पनि सन् २०२१ मा लैंगिक-न्यायपूर्ण जलवायु समाधानहरुमा संलग्न हुन, नेतृत्व गर्न, अभिलेख र/वा प्रवर्धन गर्ने आफ्नो क्षमताहरु बढाएका छन्। **Fondo Acción Solidaria, A.C.** र **Fondo Semillas** को नेतृत्व मार्फत र BOTH ENDS र FCAM को सहयोगमा ल्याटिन अमेरिकामा वातावरणीय न्याय र महिला कोषहरुले लैंगिकता र जलवायु न्यायसम्बन्धीआफ्नो सामूहिक कार्यलाई बलियो बनाउन साझा संचार र वकालत रणनीति विकास गरेका छन् । यो प्रक्रियालाई महिलावादी रणनीतिक सञ्चार संस्था, La Sandía Digital द्वारा सहजीकरण र समर्थन गरिएको थियो, र यसले लैङ्गिक र जलवायु न्यायको बारेमा प्रभावकारी सञ्चार गर्ने कार्यमा संलग्न व्यक्तिहरुबीचको ज्ञान बढाउने काम गरेको छ।

बोलिभियाका आदिवासी समुदायहरुसँग काम गर्ने **Colectivo CASA** ले उरुरोमा खानीबाट प्रभावित महिला रक्षकहरुलाई वातावरणीय तालिम प्रदान गर्‍यो। उनीहरुले समुदायद्वारा संचालित अभियान 'Mujeres Defensoras Promoviendo la Justicia Climatica' (जलवायु न्याय प्रवर्द्धन गर्ने महिला रक्षकहरु) को सह-विकास र कार्यान्वयन गरे जुन वर्षाको पानी संकलन प्रणालीमा निर्भर छ। संकलित पानी खाद्यान्न उत्पादनमा प्रयोग गरिन्छ, जसले खाद्य सम्प्रभुता र समुदायको सुरक्षामा योगदान पुर्‍याउँछ। समुदायहरुले ट्रिकल सिँचाइका लागि प्लास्टिक बोतलहरु पुनः प्रयोग गरे, पानीका ट्याङ्कीहरुमा सचेतना जगाउने सन्देशहरु कोरे, र पानीका स्थानीय स्रोतहरु जोगाउन वनको पुनरुत्थान सुनिश्चित गर्न काम गरिरहेका छन्।

## 2. जलवायु, वातावरण र महिला अधिकार आन्दोलनहरुलाई जोड्दै

नेटवर्क स्थापित गर्नु गागाको कामको एउटा अत्यावश्यक पक्ष हो किनभने यसले नेटवर्क साझेदारहरूबीच ज्ञानको आदानप्रदान र पारस्परिक सिकाइको सहजीकरणमा योगदान पुर्‍याउँछ। गागाको नयाँ कार्यक्रमको पहिलो वर्ष सुरु गर्न गागा एलायन्सका सदस्यहरुले साझेदारहरु बीचको सम्बन्ध बढाउन, नयाँ कार्यक्रमको साझा बुझाई निर्माण गर्न, र सामूहिक चासो, गति र स्रोतहरु पहिचान गर्न र त्यसलाई बलियो बनाउन तीन वटा भर्चुअल सत्रहरुको आयोजना गरे। सत्रहरुमा गागा एलाइन्सका सदस्यहरु, रणनीतिक सहयोगीहरु, साझेदार कोषहरु, गैरसरकारी संस्थाहरु र नागरिक समाज संस्थाहरुबाट ८० भन्दा बढी व्यक्तिहरु सहभागी भएका थिए ।

लैङ्गिक-न्यायपूर्ण जलवायु समाधानहरु अगाडि बढाउन नयाँ अन्तर-आन्दोलन साझेदारीको विकास र विद्यमानहरुलाई सुदृढ पार्ने कार्य सन् २०२१ मा गागा साझेदारहरूको मुख्य केन्द्रबिन्दु थियो। अफ्रिकामा, **WoMin** ले **Africa Climate Justice Collective** (अफ्रिका जलवायु न्याय समुह (ACJC) लाई अघि बढाउने कार्यलाई निरन्तरता दियो, जसले जलवायु न्यायका लागि महिला संगठन र विचारहरूमा विशेष ध्यान केन्द्रित गर्दै संगठन, आन्दोलन निर्माण, र एकतालाई सहयोग गर्ने उदेश्य लिएको छ । मे महिनामा, ACJC ले कोट डाईभोरमा आफ्नो पहिलो उप-क्षेत्रीय भेला, फ्रान्कोफोन क्लाइमेट जस्टिस भेलाको आयोजना गर्यो। उत्तर, पश्चिम, र मध्य अफ्रिकाका १४ देशका करिब ३२ सहभागीहरुले भाग लिएको यो कार्यक्रम भाषा, संस्कृति, जाति र क्षेत्रहरुको विविधतालाई अंगाल्दै सम्पूर्ण क्षेत्रमा जलवायु न्याय आन्दोलनलाई अझ व्यापक बनाउनका लागि महत्वपूर्ण कदम थियो।

जनवरीमा गागा को एउटा रणनीतिक साझेदार **350.org** ले विश्वभरका हजारौं जलवायु नेता र कार्यकर्ताहरुलाई एकै ठाउँमा ल्याउने काम गर्ने तीन दिने Global Just Recovery Gathering को आयोजना गर्‍यो । भेलामा ३३ देशका ८० भन्दा बढी प्यानल सदस्य र कलाकारहरु सहित नौ भाषामा अनुवाद गरिएका १९६ वटा सत्रहरु समावेश थिए। भेलामा लैङ्गिक न्यायमाथि केन्द्रित थियो र नारीवादी दृस्टीकोण सहित १४ वटा सत्रहरु समावेश थिए, जसमा गागा द्वारा आयोजित दुई वटा कार्यक्रम समावेश थिए: समानता, एकता र मानिसहरु र प्रकृतिको लागि सामूहिक हेरचाह - लैङ्गिक-मात्र-समुदाय-आधारित प्रणालीहरु र न्यायपूर्ण पुनःप्राप्तिको लागि अभ्यासहरु (Equity, solidarity and collective care for people and nature – Gender-just-community-based systems and practises for a just recovery), र बढी लैंगिक र जलवायु-न्यायपूर्ण संसारका लागि अन्तर-आन्दोलन सहयोगहरु – गागा का अनुभवहरु (Cross-movement collaborations for a more gender and climate-just world – Experiences from GAGGA.)

## 3. लैंगिक-न्यायपूर्ण जलवायु समाधानका लागि सरकार, लगानीकर्ता र दाताहरुलाई प्रभाव पार्ने

गागाका सदस्य र साझेदारहरुले सन् २०२१ मा सरकार, लगानीकर्ता र दाताहरुलाई प्रभाव पार्ने विभिन्न प्रकारका पैरवी र वकालत कार्यको नेतृत्व गरे । फिलिपिन्समा **LILAK** को सहयोगमा विभिन्न समुदायका आदिवासी महिलाहरुले सन् २०२२ को निर्वाचनमा लैङ्गिक र जलवायु न्यायको लागि आह्वान सहित आफ्नो एजेन्डा प्रवर्द्धन गर्न कार्यदलहरु गठन गरे। आदिवासी महिलाको आवाजलाई उनीहरूको एजेन्डामा समावेश गरिएको सुनिश्चित गर्न कार्यदलहरुले अन्य आन्दोलन र नेटवर्कहरुसँग अभियानहरुमा भाग लिए। अन्त्यमा तीनवटा महत्वपूर्ण राष्ट्रिय एजेन्डाहरुले आदिवासी महिलाको चुनावी एजेन्डालाई समावेश गरे : वातावरणविद् र जलवायु न्याय अभियन्ताहरुद्वारा तयार गरिएको हरित एजेन्डा; बृहत राष्ट्रिय महिला आन्दोलनहरुद्वारा विकसित महिला एजेन्डा; र आदिवासी जनजाति समूहहरुको विभिन्न राष्ट्रिय र क्षेत्रीय संरचनाहरुद्वारा तयार गरिएको आदिवासी जनजातिहरुको एजेन्डा । राष्ट्रिय एजेन्डाहरु सन् २०२२ को निर्वाचनको समयमा वकालत अभियानको अंश थिए।

सन् २०१७ देखि, गागाको ल्याटिन अमेरिकी साझेदारहरुले अन्तर्राष्ट्रिय महिला दिवस (मार्च ८) देखि विश्व पानी दिवस (मार्च २२) सम्म वार्षिक **#WeWomenAreWater** अभियान आयोजना गर्दै आएका छन्। सन् २०२१ मा, गागा र यसका साझेदारहरुले अफ्रिका र एशियाका साझेदारहरुलाई समावेश गरेर अभियानलाई विश्वव्यापी बनाए। यसको उदेश्य जीवाश्म ईन्धन लगानी/कार्यहरुले कसरी जलवायु परिवर्तनसम्बन्धित पानीको अभाव र समुदायहरुमा प्रदूषित भइरहेको छ, र पानी रक्षकको रुपमा महिलाहरुको भूमिका र नेतृत्वको बारेमा सरकार, लगानीकर्ता र अन्तर्राष्ट्रिय विकास बैंकहरुलाई सचेत गराउनु थियो। अभियानले महिला अधिकार र पानीसँग सम्बन्धित बलियो वकालत मञ्च निर्माण गर्न गागा भित्र विभिन्न साझेदार संस्थाहरुलाई एकीकृत गर्यो । बोलिभिया, ग्वाटेमाला, होन्डुरस, भारत, इन्डोनेसिया, मंगोलिया, नाइजेरिया, पेरु र दक्षिण अफ्रिकाका साझेदारहरुबाट १९ वटा कथाहरु प्रदर्शन गर्दै ट्विटर, फेसबुक र इन्स्टाग्राममा करिव ३७ वटा संस्थाहरुले अभियानमा भाग लिए। अभियानले गागा वेबसाइटमा लगभग ३,००० पृष्ठ भ्यूजहरु प्राप्त गर्यो। गागाको ट्विटर पेजले ४ लाख ८७ हजार प्रतिक्रियाहरु पायो भने र अभियानको क्रममा ९,००० पटक हेरिएको थियो ।

डच राष्ट्रिय नागरिक निवृत्तिभरण कोष अर्थात् ABP ले सन् २०२३ सम्ममा कोइला, तेल र ग्यास उत्पादकहरुमाथिको लगानी बेच्ने ठोस नीति घोषणा गरेपछि गागाले अक्टोबर महिनामा त्यसलाई एउटा महत्वपूर्ण नतिजाका रुपमा स्वीकार गर्यो । यो निर्णय पछाडी साझेदारहरुसँग मिलेर Both ENDS ले गरेको वर्षौंको अभियान रहेको छ, जसमा ब्राजिल, नाइजेरिया र युगान्डाका साझेदारहरुका साथ आफ्नो क्षेत्रमा मानव अधिकार र वातावरणीय उल्लङ्घनहरुका बारेमा ABP को लगानी र जिम्मेवारीहरुको बारेमा प्रत्यक्ष रुपमा आवाज उठाउन र संलग्न हुन सफलता हासिल गरिएको थियो । नाइजेरियामा नाइजेरियाका साझेदारहरु **Kebetkache, Obelle Concerned Citizens,** र **Lokiaka** ले ABP र Shell नाइजेरियासँग विभिन्न मुद्दाहरुमा वार्तामा संलग्न भए जसमा तेल व्यवस्थापन, नियमित ग्यास फ्लेयरिङ, र शेल कम्पनीले प्रदूषित पानी र खेत सफा गर्नुपर्ने आवश्यकताबारे वार्ता र निर्णय प्रक्रियामा महिलाहरुको संलग्नता समावेश थियो ।

गागाले हरित जलवायु कोष (GCF) प्रतिको वकालत लाई जारी राख्दै GCF कोष लैङ्गिक रुपमा न्यायपूर्ण तरिकाले खर्च भएको र स्थानीय महिलाले नेतृत्व गरेका नागरिक समाजका संस्थासम्म पुगेको सुनिश्चित गर्दछ । सन् २०२१ मा राष्ट्रिय स्तरमा GCF/जलवायु वित्त प्रक्रियाहरुमा संलग्न १२ वटा गागा साझेदारहरु समावेश गरी तीनवटा अनौपचारिक आदानप्रदान र सिकाइ सत्रहरु आयोजित गरियो। सिकाइ सत्रहरुले आफ्नो (स्थानीय र राष्ट्रिय) सरकारहरुसमक्ष वकालत गर्ने गैरसरकारी संस्थाहरु बीच क्षमता, ज्ञान र ऐक्यबद्धता बढायो। साथै Both ENDS ले GCF बोर्डसँग प्रत्यक्ष रुपमा संलग्न हुँदै अनलाइन बोर्ड बैठकहरुमा सक्रिय रुपमा सहभागी भई प्रस्तावित मान्यता र परियोजना प्रस्तावहरुमा संयुक्त योगदानहरु विकास गर्नमा लग्यो । Both ENDS र साझेदारहरु International Analog Forestry Network (IAFN), CENDEP Cameroon र पोर्टो रिकोमा Proyecto Ayurvida ले GCF सचिवालयलाई पर्यावरण प्रणाली र कृषि सम्बन्धी क्षेत्रगत मार्गनिर्देशनहरुमा आफ्नो प्रतिक्रिया दिए। एग्रोइकोलोजीलाई हाल क्षेत्रीय मार्गनिर्देशिकाको मसौदामा एउटा उद्देश्यको रुपमा स्वीकार गरिएको छ, जसलाई सन् २०२२ मा GCF बोर्डमा प्रस्तुत गरिनेछ।

गागाले रणनीतिक साझेदारहरु Global Greengrants Fund, Prospera र WEDO सँग मिलेर महत्वपूर्ण स्थानहरूमा प्रमुख निर्णय लिने पात्रहरूलाई प्रभाव पार्ने कार्यहरूको नेतृत्व गर्न काम गर्यो। चार भागको भर्चुअल श्रृङ्खला 'दिगो समाधान - जलवायु कार्यमा लैंगिक समानता केन्द्रित गर्दै (four-part virtual series 'Sustainable Solutions – Cen-tering Gender Equality in Climate Action')', विभिन्न सरकारी दाताहरु र युरोपेली निजी फाउन्डेसनहरूबाट ३० भन्दा बढी प्रतिनिधिहरूलाई सामूहिक रुपमा महिला नेतृत्वको जलवायु कार्य, परिणाम र पाठहरूको समर्थन र संसाधनको महत्वबारे छलफल गरिएको थियो। त्यसमा यस कार्यलाई पहिले देखि नै सहयोग गर्दै आएका दाताहरूको धारणा राखिएको थियो । फेमिनिस्ट एक्शन फर क्लाइमेट जस्टिस एक्शन कोलिसन (Feminist Action for Climate Justice action coalition)को एउटा अंशको रुपमा, जेनेरेशन इक्वलिटी फोरम, गागा र ग्लोबल ग्रीनग्रान्ट्स फन्ड (Generation Equality Forum, GAGGA and Global Greengrants) को छवटा गठबन्धनहरु मध्ये एकले आगामी पाँच वर्षमा जलवायु न्यायको लागि नारीवादी कार्यका लागि १० करोड डलर परिचालन गर्ने प्रतिबद्धता अभियान सुरु गरेको छ। अभियानमा जलवायु कार्यको अग्रपंक्तिमा काम गर्ने महिला, किशोरी र ट्रान्स, नन-बाइनरी र इन्टरसेक्स व्यक्तिहरूको नेतृत्वमा संचालित संस्थाहरूलाई लचिलो, बहु-वर्षीय सहयोग गर्ने प्रतिबद्धता समावेश छ। डच सरकारले गागा 'वुमन लिडिङ क्लाइमेट एक्सन' कार्यक्रमलाई उपलब्ध गराएको ३ करोड ७० लाख डलर यो अभियानको अंश हुने सुनिश्चित गर्न सहमत भएको छ।

कोप २६ को तयारी क्रममा गागा, ग्लोबल ग्रीनग्रान्ट्स फन्ड र वेडो ले कोप२६ मा उपस्थित हुने र वार्ता गर्ने सरकारी प्रतिनिधिहरूलाई लक्षित गरी ''Call to Action for Gender-Just Climate Finance' (लैंगिक रुपमा न्यायपूर्ण जलवायु वित्तका लागि आह्वान' थालनी गर्यो । क्यानडा, नेदरल्याण्ड, स्वीडेन र संयुक्त अधिराज्यका सरकारहरुसँगको हाम्रो सम्पर्क बिन्दुहरुमार्फत र यिक्वालिटी फन्डसँगको साझेदारीमा हामीले लैङ्गिक-न्यायपूर्ण जलवायु वित्तको वकालत गर्न सरकारी प्रतिनिधिहरुसँग द्विपक्षीय कुराकानी गर्यौं। यो अन्तरक्रियाले यी सरकारहरुसंग र हाम्रो वकालतमा हामीलाई समर्थन गर्न सक्ने प्रमुख सहयोगीहरुसँगको सम्बन्धलाई बलियो बनायो। साथै महिला र लैङ्गिकता सरोकार क्षेत्र मार्फत WEDO ले कोप२६ मा संलग्न हुन महिलावादी अधिवक्ताहरु बीचको क्षमतालाई सुदृढ पार्न वकालतसम्बन्धी भर्चुअल प्रशिक्षण श्रृंखलाको आयोजना गर्‍यो।

फोर्ड फाउन्डेसन प्राकृतिक संसाधन र उत्थानशील महिला कार्यक्रमको एउटा अंशको रुपमा गागाले आफ्नो भूमि, क्षेत्रहरु, र प्राकृतिक स्रोतहरूको प्रतिरक्षा गरिरहेका समुदायमा आधारित महिला र किशोरीहरूको नेतृत्वमा रहेका समूह, अभियान र संगठनहरूले संरचनात्मक हिंसालाई कसरी परिभाषित गर्छन र त्यसलाई निवारण र सम्बोधन गर्ने रणनीतिहरूलाई अझ राम्ररी बुझ्नका लागि एउटा नक्सांकन र परामर्श प्रक्रिया पूरा गर्यो। सो नक्सांकनबाट एउटा आन्तरिक प्रतिवेदनका साथै दाताहरुलाई लक्षित गरी प्रकाशन विकसित हुनगयो। प्रतिवेदन आएपछि गागाले भूमि, क्षेत्र र वातावरणको रक्षा गर्ने उनीहरुको महत्त्वपूर्ण कार्यमा संरचनात्मक हिंसाको सामना गरिरहेका (युवा) महिला, बालिका र ट्रान्स, इन्टरसेक्स र नन-बाइनरी व्यक्तिहरुको नेतृत्वमा रहेका र उनीहरुका संस्थाहरूलाई आर्थिक सहयोग प्रदान गर्न फोर्ड फाउन्डेसनबाट तीन वर्षको लागि थप १० लाख डलर सुरक्षित गर्यो।

## 4. सामूहिक र समावेशी कार्यशैलीको सुनिश्चितता

स्थापनाकाल देखि नै गागाले अन्तरसम्बद्धता र आन्दोलन निर्माण गर्ने दृष्टिकोण लिएको छ, जसमा महिला, किशोरी र ट्रान्स, इन्टरसेक्स र नन-बाइनरी व्यक्तिहरूको नेतृत्वमा समुदायमाआधारित संगठनहरु, विशेषगरी ऐतिहासिक रुपमा बहिष्कृत समुदायसंग जलवायु संकटको आफ्नै समाधानहरुलाई बलियो बनाउन स्रोत, क्षमता, ज्ञान रहेको सुनिश्चित गर्ने कार्य समावेश छ । गागाले आँफु, आफ्नो समुदाय र वातावरणलाई प्रत्यक्ष रुपमा प्रभाव पार्ने मुख्य निर्णय प्रक्रियाहरुमा यी संस्थाहरुले सक्रिय रुपमा भाग लिएको र आफ्नो विचार राख्न सकेको सुनिश्चित गर्ने लक्ष्य लिएको छ। त्यसका लागि सन् २०२१ मा हाम्रा प्रयासहरुमा अन्य कार्यका अतिरिक्त देहाय समावेश छन्:

- प्यानल, कार्यक्रम र बैठकहरुमा र स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा मुख्य निर्णय गर्ने ठाउँहरुमा साझेदार गैसस प्रतिनिधिहरुको सहभागिताको लागि प्रत्यक्ष निमन्त्रणा। अन्तर्राष्ट्रिय स्तरमा साझेदार कोषको सहयोगमा हामीले स्थिर इन्टरनेट जडान, अनुवाद सहयोग र प्रभावकारी सहभागिताको लागि संयुक्त तयारी सहित आवश्यक सीप र स्रोतहरु उपलब्ध गरायौं।
- कम्तीमा पनि अंग्रेजी, स्पेनिश, फ्रान्सेली र पोर्तुगाली भाषामा प्रकाशन र सान्दर्भिक दस्तावेजहरुका साथै सत्रहरुमा समानान्तर अनुवादको व्यवस्था। सम्भव भएसम्म हामीले बहासा इन्डोनेसिया, हिन्दी, तागालोग, नेपाली, जर्जियन, स्वाहिली र मङ्गोलियन भाषाहरु पनि थप्ने गर्छौं ।
- सामूहिक स्थलले विभिन्न समय क्षेत्र (टाईम जोन)मा रहेका साझेदारहरुलाई समेटेको सुनिश्चित गर्ने ।
- गागाको सहभागितामूलक, समावेशी र नारीवादी सिद्धान्तहरुका बारेमा जानकारी गराउने, उदाहरणका लागि महिला, किशोरीहरु, र ट्रान्स, नन-बाइनरी र इन्टरसेक्स व्यक्तिहरुको विचार, माग र प्रस्तावहरुलाई उनीहरुको वातावरणीय र जलवायु कार्यहरुको सन्दर्भमा केन्द्रित गर्ने, र उनीहरुको रुपान्तरणकारी कार्यलाई अगाडि बढाऊन सहयोग प्राप्त गरेको सुनिश्चित गर्नुको महत्त्वका सम्बन्धमा अंग्रेजी, स्पेनिश र फ्रेन्च भाषामा भिडियो मार्फत।

नयाँ गागा कार्यक्रम र नयाँ सहयोगीहरु थपिएको अवस्थालाई ध्यानमा राख्दै हामीले हाम्रो संरचनाको विस्तृत समीक्षा गर्यौं, जसको उदेश्य कार्यक्रमको नयाँ तथा उदीयमान आवश्यकताहरुलाई सम्बोधन गर्न सक्ने हाम्रो काम गर्ने शैली र क्षमतालाई अझ बलियो बनाउनु रहेको थियो ।यस प्रक्रियाले समन्वय एकाइलाई सुदृढ पार्ने, क्षेत्रीय-स्तरको समन्वयलाई सुदृढ पार्ने र हाम्रो सामूहिक वकालत कार्यको वरिपरि लचिलोपन सुनिश्चित गर्न तदर्थ वकालत कार्य समूह संरचनाको विकास सम्भव भयो । पछिल्ला सन्दर्भको कुरा गर्दा कोप२६ ले हामीलाई विचारलाई व्यवहारमा उतार्ने ठूलो अवसर प्रदान गर्यो । BothENDS, FCAM, Mama Cash, Global Greengrants Fund, 350.org र WEDO का प्रतिनिधिहरुको तदर्थ कार्य समूहले सफलतापूर्वक देहाय कार्य सम्पन्न गर्यो :

- कोप२६ को दुई हप्तासम्म चलेको' Putting justice at the heart of climate action (जलवायु कार्यको केन्द्रबिन्दु मा न्यायलाइ समेट्दै) ब्लग श्रृङ्खला सुरु ;
- कोप२६ का अवसरमा लैङ्गिक-न्यायपूर्ण जलवायु वित्त सम्बन्धी सहायक कार्यक्रम (COP26 side event on gender-just climate finance) को आयोजना ;
- लैङ्गिक-न्यायपूर्ण जलवायु वित्तका लागि आह्वान (Call to Action for Gender Just Climate Finance) जसलाई हाम्रो सरकारी सम्पर्क व्यक्तिहरुको नेटवर्कसँग आदानप्रदान गरिएको थियो।

यो एउटा ठोस सामुहिक प्रयास थियो जसले हाम्रो शक्तिलाई सामूहिक रुपमा आगाडि बढायो र हाम्रो वकालतलाई अगाडि बढाउनको लागि बलियो आधार स्थापित गर्‍यो।

### 5. नेदरल्याण्डको परराष्ट्र मन्त्रालयसँगको सहकार्य

गागा नेदरल्याण्डको परराष्ट्र मन्त्रालयको एउटा रणनीतिक साझेदार हुन पाउँदा खुसी छ। सन् २०२१ मा मन्त्रालयसँगको हाम्रो सहकार्यका झलकहरू देहाय रहेका छन् :

- 'दिगो समाधानहरू - जलवायु कार्यमा लैङ्गिक समानता केन्द्रित गर्ने' शृङ्खला ('Sustainable Solutions – Centering Gender Equality in Climate Action' series), जसमा मन्त्रालयले सह-प्रायोजन गरी प्रमुख वक्ताको रूपमा भाग लियो।
- GCF बोर्डका साथै अन्तर-अमेरिकी विकास बोर्डमा रहेका डच प्रतिनिधिहरूसँग कुराकानी गर्न र प्रत्यक्ष सल्लाह सुझाब प्रदान गर्न साझेदारहरूका लागि अवसरको सिर्जना , जसले ऐतिहासिक रूपमा बहिष्कृत समुदायहरूको सीमित समावेशीकरण, मानवअधिकार उल्लङ्घन र पारदर्शिताको अभाव सम्बन्धी ज्वलन्त मुद्दाहरू अगाडि ल्याउन मद्दत गर्यो ।
- गागाका साझेदारहरूले काम गरिरहेका विशिष्ट उदाहरण र सन्दर्भहरू बारे सचेतना जगाउन डच दूतावासहरूसँग सहकार्यमा । उदाहरणका लागि, प्रजातान्त्रिक गणतन्त्र कंगोका लागि डच राजदूतसँग मिलेर, हामीले इन्गा ३ जलविद्युत आयोजनाको असरबारे प्रत्यक्ष रूपमा गागाका साझेदारहरूबाट सुन्नको लागि बैठक आयोजना गर्न सक्षम भयौं। यस बैठक पछि, दूतावास र इन्गा ३ विरुद्ध वकालत गर्ने समूहहरूले आफ्नो संलग्नता जारी राखे।

Both ENDS र Mama Cash को मार्गदर्शन मार्फत लैंगिकता, जलवायु र जैविक विविधताका मुद्दाहरूमा डच सरकार र संसदसँग संलग्नता, जसमा कोप२६ तर्फको प्रकियामा प्रमुख सिफारिसहरू समावेश रहेको Intrinsically Linked: gender equality, climate and biodiversity प्रकाशन समावेश छ ।

# निष्कर्ष

गागाको 'वुमन लिडिङ क्लाइमेट एक्सन' कार्यक्रमले पहिलो वर्षले चुनौतीपूर्ण परिस्थितिका बाबजुद पनि महत्वपूर्ण उपलब्धिहरू हासिल गरेको छ। हामी ब्राजिल, मेक्सिको र दक्षिण अफ्रिका जस्ता गागा कार्यक्रमका लागि नयाँ देशहरूमा सहित रूपान्तरणकारी लैङ्गिक-न्यायपूर्ण जलवायु कार्यको नेतृत्व गर्ने महिलाहरूको नेतृत्वमा संचालित नागरिक समाज संस्थाहरुको विविधतापूर्ण समूहसम्म पुग्न र समर्थन गर्न सक्षम भएका छौं। हामीले जलवायु न्यायका लागि सामूहिक सिकाइ र वकालत मार्फत साझेदारहरूसँगको हाम्रो सम्बन्धलाई सुदृढ बनाएका छौं, र सरकार, दाता र लगानीकर्ताहरूप्रति थप लक्षित वकालतको नेतृत्व र समर्थन गरेका छौं। सन् २०२२ मा पनि यही गतिमा अघि बढ्दै लैङ्गिक, वातावरणीय र जलवायु न्यायको लागि आवश्यक रूपान्तरणकारी प्रणाली परिवर्तनको नजिक सामुहिक रुपमा पुग्नका लागि हामी उत्साहित छौं।



फोटो: Tarini Manchanda

FCAM FONDO CENTROAMERICANO DE MUJERES | mama cash | Both ENDS Connecting people for change

For more: www.gaggaalliance.org | Collage images: @Naandeyeah | Publication design: Christina Pfeifer